**संघीय संसद**
**राष्ट्रिय सभा**
**चौथो अधिवेशन**
**बैठक - १६**
**सूचना पत्र - २**
**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ असार २ गते सोमबार**

संघीय संसद, राष्ट्रिय सभाको चौथो अधिवेशनको सोह्रौं बैठक सम्माननीय अध्यक्ष गणेश प्रसाद तिमिल्सीनाको अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्नको लागि दलीय आधारमा माननीय सदस्यहरूको नाम प्राप्त भएको जानकारी गराउँदै निम्न बमोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

**मा. जीवन बुढा**ले कर्णालीलाई नेपालको मात्र नभई पृथ्वीकै पिछडिएको क्षेत्रको संज्ञा दिनुहुँदै नेपालगञ्ज-दैलेख-कालिकोट-जुम्ला हुँदै मुगु र कालिकोट-बाजुरा हुँदै हुम्ला जोड्ने सडक सुचारु हुन नसकेको विषय उठान गर्नुभयो । त्यसैगरी उहाँले कर्णालीका स्थानीय तहमा संघीय सरकारले कर्मचारी कहिले खटाउने हो भन्ने विषयमा सम्बन्धित मन्त्रीको ध्यानाकर्षण गराउनुभयो ।

**मा. बद्री प्रसाद पाण्डे**ले सरोकारवालाहरूसँग छलफल र परामर्श नै नगरी ल्याइएको गुठी विधेयकले जटिलता निम्त्याउने र विधि निर्माणको प्रक्रिया सदनबाट सडकतिर पोखिन सक्ने भएकोले उक्त विधेयकलाई सच्याएर अगाडि बढ्नुपर्नेतर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. प्रमिला कुमारी**ले संविधानको मर्म विपरीत आरक्षण कोटा कटौती गरी लोकसेवा आयोगले विज्ञापन निकालेको भन्दै आपत्ति प्रकट गर्नुभयो ।

**मा. खेमराज नेपाली**ले नेपाली भूमिमा फरक क्षमताकासाथ जन्मिएका आदित्य दाहाललाई सुरुमा गूगल ब्वायको नाम दिइएको र पछि आदित्यमुनि भनी देवताको रूपमा प्रस्तुत गर्न थालिएकोतर्फ सबैको ध्यानाकृष्ट गराउँदै उनको देवत्वकरण गर्नुको साटो उचित उपचार गर्नु आवश्यक रहेको भन्नुभयो ।

**मा. अनिता देवकोटा**ले गुठी विधेयक पूर्वाग्रही रहेको र संविधानको मर्म तथा भावना विपरीत हुने गरी ल्याइएको उक्त विधेयकले नितान्त भूमाफियाहरूलाई प्रोत्साहित गर्ने भएकोले समयमै विधेयक फिर्ता लिई सरोकारवालाहरूसँग छलफल गरेर अगाडि बढ्नुपर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

**मा. उदया शर्मा/पौड्याल**ले लोकसेवा आयोगले गत जेठ १५ गते निकालेको विज्ञापन रद्द गरी करारबाट कर्मचारी पदपूर्ति गर्नुपर्ने टीकाटिप्पणी उठिरहेकोले यसतर्फ ध्यान पुऱ्याउन नसके निजामती सेवा र सेवा प्रवाहमा समेत गम्भीर समस्या उत्पन्न हुनेमा चिन्ता व्यक्त गर्नुभयो । उहाँले विज्ञापन रोक्न नहुने र संघ तथा प्रदेशमा समेत सरकारले रिक्त पदमा विज्ञापन गर्नुपर्नेतर्फ ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामपृत पासवान**ले गत जेठ १५ गते संघीय लोकसेवा आयोगले गरेको विज्ञापनमा संविधानको मूल मर्म, समानुपातिक सहभागिता एवं निजामती सेवा ऐनमा गरिएको आरक्षणको प्रावधानलाई चुनौती दिँदै मधेशी, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र तथा सीमान्तकृत समुदायका महिलाहरूको अधिकार हनन हुने गरी मनोमानी ढङ्गले काम गरेको आरोप लगाउनुभयो ।

**मा. डा. विमला राई पौडेल**ले प्रदेश नं. दुईको राजविराजमा समाजवादी पार्टीका जिल्ला अध्यक्षले सार्वजनिक स्थानमा आफ्नी श्रीमतीलाई निर्मम ढङ्गले कुटपिट गरेको घटना उजागर गर्दै उक्त व्यक्तिलाई प्रहरी र पार्टी समेतले कारवाही गरे, नगरेकोतर्फ ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी उहाँले यातायात व्यवस्था विभागले 'रोड वोर्दिनेस' मापदण्ड ल्याई बिजुलीबाट चल्ने स्कुटरबाट सेतो गुम्बा चढ्न सके मात्र उक्त स्कुटर दर्ता हुने प्रावधान ल्याएकोमा आपत्ति प्रकट गर्दै विद्युतीय सवारीलाई प्रोत्साहित गर्नुपर्नेमा निरुत्साहित गर्न खोजेको देखिएकोले तत्काल सुधार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ (संशोधन सहित) को नियम १० बमोजिम अध्यक्ष तथा उपाध्यक्षको अनुपस्थितिमा सभाको बैठकको अध्यक्षता गर्न कार्यव्यवस्था परामर्श समितिको परामर्शमा देहाय बमोजिमका माननीय सदस्यहरूलाई मनोनयन गरिएको व्यहोरा जानकारी गराउनुभयो :

१. मा. अनिता देवकोटा २. मा. दिल कुमारी रावल थापा (पार्वती) ३. मा. परशुराम मेघी गुरुङ

तत्पश्चात्, सम्माननीय अध्यक्षले प्रस्तावित नामहरूलाई सहमति जनाइदिन अनुरोध गर्दा सभाबाट अनुमोदन भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले राष्ट्रिय सरोकार तथा समन्वय समितिका माननीय सभापति दिल कुमारी रावल थापा (पार्वती) लाई "दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल निजगढ बाराको स्थलगत अनुगमन सम्बन्धी समितिको प्रतिवेदन" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम संख्या २ मा रहेको व्यवस्थापन कार्य सम्बन्धी कारबाही कार्यसूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले वि.स. २०७० सालको संविधानसभा सदस्य धनिराम पौडेलको निधनप्रति निम्न लिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

"वि.स. २०७० सालको संविधान सभा सदस्य धनिराम पौडेलको ५३ वर्षको उमेरमा मिति २०७६ साल जेठ ३१ गते शुक्रबार विहान चितवन जिल्लाको माडीमा हृदयघातका कारण असामयिक निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को केन्द्रीय सदस्य स्व. पौडेल नेपाल सरकारको पूर्व शिक्षा मन्त्री, लोकतान्त्रिक आन्दोलनका अगुवा र सादा जीवन पद्धतिमा विश्वास राख्ने नेता हुनुहुन्थ्यो ।

यो बैठक दिवङ्गत आत्माको चीर शान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले उपर्युक्त शोक प्रस्तावलाई पारित गरिदिन अनुरोध गर्दा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, स्व. धनिराम पौडेलको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौनधारण गरियो ।

तदनन्तर, सम्माननीय अध्यक्षले अर्को बैठक सम्वत् **२०७६ साल असार ३ गते मङ्गलबार दिनको १:०० बजे** बस्ने गरी **दिनको २:१० बजे** सभाको बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव